आज मिति २०८१ साल श्रावण २९ गते मंगलबार नेपालको संविधानको धारा २१६ अनुसार गठित नमोबुद्ध नगरपालिकाका, नगर कार्यपालिकाको ३३ (तेत्तीसौं) बैठक नगर प्रमुख श्रीमान् कुनसाङ लामाज्यूको अध्यक्षतामा देहायका उपस्थितमा बसी देहाय बमोजिमको निर्णय गरीयो।

<u>उपस्थिति</u>

१. नगर प्रमुखः श्रीमान् कुनसाङ लामा

२. नगर उपप्रमुखः श्री रत्न बहादुर लामा

३. प्रमुख प्रशासकीय अधिकृतः श्री शेष कान्त पौडेल

४. वडा अध्यक्ष वडा नं. १ : श्री प्रेम बहादुर तामाङ

५. वडा अध्यक्ष वडा नं. २ : श्री कवि राज श्रेष्ठ

६. वडा अध्यक्ष वडा नं. ३ : श्री रमेश तिवारी

७. वडा अध्यक्ष वडा नं. ४ : श्री अर्जुन बहादुर कार्की

८. वडा अध्यक्ष वडा नं. ५ : श्री सुरे तामाङ

९. वडा अध्यक्ष वडा नं. ६ : श्री टिका बहादुर के.सी.

१०. वडा अध्यक्ष वडा नं. ७ : श्री धर्म सिं लामा

११. वडा अध्यक्ष वडा नं. ८ : श्री शेर बहादुर तामाङ

१२. वडा अध्यक्ष वडा नं. ९ : श्री विर बहादुर लामा

१३. वडा अध्यक्ष वडा नं. १० : श्री रामकृष्ण उपाध्याय

१४. वडा अध्यक्ष वडा नं. ११ : श्री कृष्ण बहादुर तामाङ

१५. नगर कार्यपालिका सदस्य : श्री वेली निलम लामा

१६. नगर कार्यपालिका सदस्य : श्री शान्ति तामाङ

१७. नगर कार्यपालिका सदस्य : श्री असली माया मोक्तान

१८. नगर कार्यपालिका सदस्य : श्री गीता श्रेष्ठ

१९. नगर कार्यपालिका सदस्य : श्री बुद्ध कुमारी तामाङ

२०. नगर कार्यपालिका सदस्य : श्री शुसिला परियार

२१. नगर कार्यपालिका सदस्य : श्री सुरेश तोलाङ्गे (सार्की)

२२. नगर कार्यपालिका सदस्य : श्री गोपाल नेपाली

छलफलका लागि पेश भएका विषयहरु:

१. विभिन्न परिपत्र सम्बन्धमा।
२. अनुगमन समितिको प्रतिवेदन उपर छलफल गर्ने सम्बन्धमा।
३. आर्थिक वर्ष २०८१/०८२ को लागि दोश्रो नगर सभाको पाँचौं अधिवेशनबाट स्वीकृत वार्षिक नगर विकास योजना (नीति, कार्यक्रम तथा बजेट) कार्यान्वयन गर्ने सम्बन्धमा।
४. निर्माण भएका सडकहरुको नाली नियमित सरसफाई गर्ने सम्बन्धमा।
५. सम्पूर्ण जनप्रतिनिधिज्यूहरु सम्पत्ति विवरण बुझाउने सम्बन्धमा।
६. विपद् व्यवस्थापनको लागि पुर्व तयारी तथा न्यूनीकरण गर्ने सम्बन्धमा।
७. विविध।

निर्णयार्थ पेश भएका विषयहरु:

१. कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको समीक्षा सम्बन्धमा।
२. स्थानीय दररेट स्वीकृत गर्ने सम्बन्धमा।
३. आर्थिक वर्ष २०८१/०८२ को लागि प्राकृतिक श्रोत तथा खानीजन्य वस्तुको बिक्रि निकासी शुल्क संकलन सम्बन्धी बोलपत्र आव्हानको प्रकृया (तेश्रो पटक) अगाडी बढाउने सम्बन्धमा।
४. आर्थिक वर्ष २०८१/०८२ को लागि दोश्रो नगर सभाको पाँचौं अधिवेशनबाट स्वीकृत भएको वार्षिक विकास योजना (नीति, कार्यक्रम तथा बजेट) कार्यान्वयन प्रकृया सम्बन्धमा।
५. एकीकृत वैज्ञानिक फोहोरमैला व्यवस्थापन तथा प्रशोधन केन्द्र निर्माणका लागि जग्गा प्रासिको प्रकृया अगाडी बढाउने।
६. पर्यटक सूचना केन्द्र निर्माण गर्ने सम्बन्धमा।
७. नमोबुद्ध नगरपालिकाको सार्वजनिक निजी साझेदारी तथा लगानी विधेयक, २०८१ स्वीकृत गर्ने सम्बन्धमा।
८. प्रतिबद्धता सम्बन्धमा।
९. सेवा करार नवीकरण सम्बन्धमा।
१०. निर्णय अनुमोदन गर्ने सम्बन्धमा।
११. निवेदन सम्बन्धमा।
१२. बहुवर्षीय योजना सम्बन्धमा।
१३. बहुवर्षीय योजना सम्बन्धमा।

निर्णयहरु:

निर्णय नम्बर १:

नमोबुद्ध नगरपालिका नगर कार्यपालिकाको विभिन्न मितिमा भएका निर्णयहरुको कार्यान्वयनको अवस्थाको बारेमा समीक्षा गरियो र कार्यान्वयन हुन बाँकी निर्णय कार्यान्वयन गर्दै अगाडी बढाउने निर्णय गरियो।

निर्णय नम्बर २:

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १३ को प्रयोजनको लागि न्यूनतम दररेट निर्धारण गर्ने सम्बन्धमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४८ बमोजिम गठित दररेट निर्धारण समिति, काभ्रेपलाञ्चोकबाट स्वीकृत आर्थिक वर्ष २०८१/०८२ को जिल्ला दररेट स्वीकृत गरी स्थानीय दररेटको रुपमा लागु गर्ने र सोही जिल्ला दररेटको आधारमा गरिएको दर विश्लेषण स्वीकृत गरी कार्यान्वयन गर्ने। साथै कुनै खास दररेटमा परिवर्तन गर्न आवश्यक परेमा वा नयाँ Item थप गर्नुपर्ने अवस्था आएमा नगर प्रमुख स्तरीय निर्णयबाट दररेट कायम गर्ने।

निर्णय नम्बर ३:

यस नमोबुद्ध नगरपालिका, नगर कार्यपालिकाको मिति २०८१/०२/२२ को बैठकको निर्णयानुसार नमोबुद्ध नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ को लागि प्राकृतिक तथा खानी जन्य बस्तु (ढुङ्गा, गिट्टी, ग्राभेल, बालुवा, रोडा, काठ, माटो, दहत्तर बहत्तर) को ब्रिक्री तथा निकासी शुल्क संकलनको ठेक्का बन्दोबस्त (बोलपत्र) सम्बन्धी नगरपालिका भित्र संचालनमा रहेका खानीजन्य उद्योगहरुको वार्षिक मूल्यांकन गरी नियमानुसार सूचना प्रकाशित गरिएकोमा दोश्रो पटक सूचना प्रकाशन गर्दा समेत कुनै पनि बोलपत्रदाताबाट बोलपत्र दर्ता हुन नआएको हुँदा नमोबुद्ध नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ को लागि प्राकृतिक तथा खानी जन्य बस्तु (ढुङ्गा, गिट्टी, ग्राभेल, बालुवा, रोडा, काठ, माटो, दहत्तर बहत्तर) को ब्रिक्री तथा निकासी शुल्क संकलनको ठेक्का बन्दोबस्त (बोलपत्र) सम्बन्धी नगरपालिका भित्र संचालनमा रहेका खानीजन्य उद्योगहरुको वार्षिक मूल्यांकन गर्दा आर्थिक मन्दीले कारोबार बिस्तार नभएको एवं उद्योगका कच्चापदार्थ संकलन पनि यथावत रहेको पाईएको हुँदा गत आर्थिक वर्ष २०८०/०८१ मा यस अघि नगर कार्यपालिका बैठकको निर्णयानुसार अवलम्बन गरिएको विधि तथा प्राविधिक समितिबाट पेश हुन आएको प्रतिवेदन अनुसार वडा नम्बर ०६ स्थित श्री तिरुपति रोडा ढुङ्गा उद्योग प्रा.लि. र वडा नम्बर ०६ स्थित श्री ब्लु साईन रोडा ढुङ्गा उद्योग प्रा.लि.बाट निकासी गरिने गाडीका आधारमा पेश अनुमानित गरिएको तपशिल बमोजिमको वार्षिक मूल्यांकन अनुसार उद्योगहरुको छुट्टाछुट्टै रुपमा तेश्रो पटक बोलपत्र आव्हान गर्ने।

साथै उल्लेखित उद्योगहरु बाहेक सोही प्रकृतिका अन्य उद्योगहरु दर्ता हुन आएमा सो पश्चात छुटाछुटै मूल्यांकन गरी बोलपत्र आव्हान गर्ने।

तपशिलः

उद्योगबाट निकासी गरिने गाडीका आधारमा अनुमानित राजश्व विवरणः

| क्र.म. | खानि उद्योगको विवरण | ठेगाना | औषत निकासी हुने गाडी (टिपर/ठुलो गाडी) को संख्या (सम्बन्धमा उद्योग र सङ्कलनमा खटिएका कर्मचारीबाट प्राप्त विवरणका आधारमा) | बागमती प्रदेश सरकारको आर्थिक ऐन, २०७८ बमोजिम प्रति गाडी औषत राजश्व | प्रति दिन संकलन दर | वार्षिक | तेश्रो पटक बोलपत्र आव्हान गर्नको लागि गरिएको मूल्यांकन | कैफिय |
|---|---|---|---|---|---|---|---|---|
| १ | श्री तिरुपति रोडा ढुङ्गा उद्योग प्रा.लि. | नमोबुद्ध नगरपालिका वडा नम्बर ०६ | १० | २५०० | रु.२५,००० | रु.९१,२५,००० | रु.९१,२५,००० | खानी तथ भूगर्भ विभाग र नगरपालि कामा दर्ता भएको |
| २ | श्री ब्लु साईन रोडा ढुङ्गा उद्योग प्रा.लि. | नमोबुद्ध नगरपालिका वडा नम्बर ०६ | १५ | २५०० | रु.३७,५०० | रु.१,३६,८७,५०० | रु.१,३६,८७,५०० | खानी तथ भूगर्भ विभागमा दर्ताको लागि निवेदन पेश भएको |
| | जम्मा | | २५ | | रु.६२,५०० | रु.२,२८,१ | रु.२,२८,१२, | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | २,५०० | ५०० | |

उल्लेखित तेश्रो पटक प्रकाशित सूचनामा समेत नियमानुसार बोलपत्र दर्ता हुन नआएमा पुनः यसै विधि अनुसार र अन्य प्रचलित कानून बमोजिम सूचना प्रकाशित गर्ने।

निर्णय नम्बर ४:

नमोबुद्ध नगरपालिकाको दोश्रो नगर सभाको पाँचौं अधिवेशनबाट आर्थिक वर्ष २०८१/०८२ को लागि स्वीकृत भएको वार्षिक विकास योजना (नीति, कार्यक्रम तथा बजेट) कार्यान्वयन तपशिल बमोजिम गर्ने।

तपशिलः

क. नमोबुद्ध नगरपालिकाको दोश्रो नगर सभाको पाँचौं अधिवेशनबाट आर्थिक वर्ष २०८१/०८२ को लागि स्वीकृत भएको वार्षिक विकास योजना (नीति, कार्यक्रम तथा बजेट) मा सामान्यतया २०,००,००० (बिस लाख) सम्म बजेट विनियोजन भएका पूर्वाधार विकास तर्फका योजनाहरु उपभोक्ता समिति मार्फत कार्यान्वयन गराउने र उपभोक्ता समिति मार्फत कार्यान्वयन हुने योजनाहरुको हकमा देहाय बमोजिमको कार्ययोजना अनुसार कार्यान्वयन गर्ने।

देहायः

| क्र.म | विवरण | समयावधि | कैफियत |
|---|---|---|---|
| १ | उपभोक्ता समिति गठन गर्ने अन्तिम मिति र अभिमूखिकरण कार्यक्रम | कार्तिक मसान्तसम्म | |
| २ | योजना सम्झौता गर्ने अन्तिम मिति | पौष मसान्तसम्म | |
| ३ | कार्य सम्पन्न गर्नुपर्ने अन्तिम मिति | चैत्र मसान्तसम्म | |

ख. नमोबुद्ध नगरपालिकाको दोश्रो नगर सभाको पाँचौं अधिवेशनबाट आर्थिक वर्ष २०८१/०८२ को लागि स्वीकृत भएको वार्षिक विकास योजना (नीति, कार्यक्रम तथा बजेट) मा माथि उल्लेख भएको बुद्दा नम्बर क. अर्थात् उपभोक्ता समिति मार्फत संचालन हुने योजनाहरु बाहेक वा उपभोक्ता समिति मार्फत संचालन नहुने योजनाहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ र अन्य प्रचलित कानूनमा व्यवस्था भए बमोजिम सिलबन्दी दरभाउपत्र, क्याटलक वा विद्युतीय बोलपत्र (e-bid) लगायतका विधि मार्फत माथि उल्लेखित बुद्दा क. को कार्य तालिका बमोजिम कार्यान्वयन गर्ने।

ग. आर्थिक वर्ष २०८१/०८२ को लागि विभिन्न निकायबाट विनियोजन भएका योजनाहरुको कार्यान्वयनका लागि सहजीकरण गर्न यस नमोबुद्ध नगरपालिकाको पूर्वाधार विकास समितिमा छलफल गरी निष्कर्ष नगर प्रमुखज्यू समक्ष पेश गर्ने र सो निष्कर्ष अनुसार सम्बन्धित कार्यालयसँग आवश्यक छलफल, समन्वय र सहकार्य गर्ने।

निर्णय नम्बर ५:

नमोबुद्ध नगरपालिकाको वडा नम्बर ०३ स्थित चरुवा सामुदायिक वनको कमर थुम्कामा निर्माण गर्न लागिएको यस नगरपालिकाको उच्च प्राथमिकता परेको नगर गौरवको आयोजना "एकीकृत वैज्ञानिक फोहोरमैला व्यवस्थापन तथा प्रशोधन केन्द्र" को निर्माणका सन्दर्भमा सो आयोजनाको विस्तृत परियोजना प्रतिवेदन र प्रारम्भिक वातावरणीय प्रतिवेदन (आई.ई.ई) स्वीकृत भएको हुँदा सार्वजनिक निजी साझेदारीमा यो आयोजना कार्यान्वयनको गर्न लागिएको हुँदा तपशिल बमोजिमको उल्लेखित आयोजना प्रतिवेदनमा उल्लेख भएको जग्गाहरु प्रासिका लागि नियमानुसार सम्बन्धित निकायमा सिफारिस साथ अनुरोध गर्ने।

तपशिल:

**परियोजनाको नाम:** एकीकृत वैज्ञानिक फोहोरमैला व्यवस्थापन तथा प्रशोधन केन्द्र निर्माण।

**परियोजना कार्यान्वयन हुने स्थान:** काभ्रेपलाञ्चोक जिल्ला नमोबुद्ध नगरपालिका वडा नम्बर ०३ (साविक मेथिनकोट गा.वि.स. वडा नम्बर ०७) टोपोसिट नम्बर २७८५ ०७ डी अन्तर्गत पर्ने कित्ता नम्बर ८१ को चरुवा सामुदायिक वन क्षेत्रको केन्द्र २७°३५'५४.२२" उत्तर अक्षांश र ८५°३८'५९.५५" पूर्व देशान्तरमा समुन्द्र सतहबाट ९६० मिटरको उचाईमा रहेको जग्गा।

**कुल लागत:** विस्तृत परियोजना प्रतिवेदन अनुसार अनुमानित लागत रकम रु. २०,००,००,००० (अक्षेरुपी बिस करोड)।

**आयोजना क्षेत्र रहने चार किल्लाको अक्षांश र देशान्तर:**

| क्र.सं. | X-coordinates | Y-coordinates | Lattitude | Longitude |
|---|---|---|---|---|
| | (As per UTM 45 zone) | | (As per WGS 84) | |
| १. | ३६६५७३.१७३३ | ३०५३४९७.७३७१ | २७.५९८८६९ | ८५.६४८०१४ |
| २. | ३६६६१४.११०५ | ३०५३५५९.४७८५ | २७.५९९४३ | ८५.६४८४२१ |
| ३. | ३६६६७६.३८२३ | ३०५३५७३.७८४६ | २७.५९९५६६ | ८५.६४९०५१ |
| ४. | ३६६७७६.३९१० | ३०५३५४३.१२१३ | २७.५९९२९९ | ८५.६५००६७ |
| ५. | ३६६८४६.०६०७ | ३०५३४५६.८७२३ | २७.५९८५२७ | ८५.६५०७८३ |
| ६. | ३६६७०९.५०२० | ३०५३३५७.३२११ | २७.५९७६१५ | ८५.६४९४१ |

## निर्णय नम्बर ६:

नमोबुद्ध नगरपालिकाको वडा नम्बर ११ स्थित नमोबुद्ध परिसरमा निर्माण गर्न लागिएको यस नगरपालिकाको उच्च प्राथमिकता परेको नगर गौरवको आयोजना "नमोबुद्ध पर्यटक सूचना केन्द्र" तपशिल बमोजिमको क्षेत्रमा Korea International Cooperation Agency (KOICA) र नमोबुद्ध नगरपालिकाको सहकार्यमा निर्माण गर्ने र उल्लेख भएको जग्गाहरु प्राप्तिका लागि नियमानुसार सम्बन्धित निकायमा सिफारिस साथ अनुरोध गर्ने।

## तपशिल:

**परियोजनाको नामः** नमोबुद्ध पर्यटक सूचना केन्द्र निर्माण।

**परियोजना कार्यान्वयन हुने स्थानः** काभ्रेपलाञ्चोक जिल्ला नमोबुद्ध नगरपालिका वडा नम्बर ११ (साविक श्यामपाटी गा.वि.स. वडा नम्बर ०९) सिट नम्बर १५७१५२९ अन्तर्गत पर्ने कित्ता नम्बर ५९३ को नमोबुद्ध परिसरमाको केन्द्र २७°३४'२१.३५" उत्तर अक्षांश र ८५°३५'८.९७" पूर्व देशान्तरमा समुन्द्र सतहबाट २४१ मिटरको उचाईमा रहेको जग्गा अन्दाजी ६ आना जग्गा।

**कुल लागतः** विस्तृत परियोजना प्रतिवेदन अनुसार अनुमानित लागत रकम रु. ३०,००,००० (अक्षेरुपी तिस लाख)।

## निर्णय नम्बर ७:

नगरपालिका भित्रका सम्पूर्ण वडाका वडा समितिमा र विद्यायन समितिमा उत्पन्न भई छलफल र मस्यौदा सहित पेश हुन आएको नमोबुद्ध नगरपालिकाको सार्वजनिक निजी साझेदारी तथा लगानी विधेयक, २०८१ को दफाबार छलफल गरी परिमार्जन सहित सर्वसम्मत स्वीकृत गर्ने। नमोबुद्ध नगरपालिकाको दोश्रो नगर सभाको पाँचौं अधिवेशनको निर्णयानुसार नगर सभाबाट निर्णय गर्नुपर्ने विषय तर तत्कालै निर्णय गरी निकास लिनुपर्ने अवस्था भएमा र तत्काल नगर सभाको बैठक नबसेको वा बस्न नसक्ने अवस्थामा समेत नगर प्रमुखज्यूको समन्वयमा कार्यपालिकाबाट निर्णय गरी कार्यान्वयन गर्ने र यसरी निर्णय गरिएका सम्पूर्ण विषय अनुमोदनको लागि तत्पश्चात बस्ने नगर सभाबाट अनुमोदन गर्ने गरी अधिकार प्रत्यायोजन गरिएको हुँदा सो विधयेकलाई तत्काल कार्यान्वयन गरी आगामी नगर सभाबाट स्वीकृत गर्ने।

## निर्णय नम्बर ८:

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं. २०८०/०८१, च.नं. ४२२, मिति २०८१/०३/०५ गते प्राप्त पत्र आधारमा उच्च प्रभावयुक्त सामुदायिक विकास परियोजना (High Impact Community Development Projects, HICDPs) कार्यक्रम अन्तर्गत संचालन गर्नका लागि यस नगरपालिकाको प्राथमिकता परेको "एकीकृत वैज्ञानिक फोहोरमैला व्यवस्थापन तथा प्रशोधन केन्द्र" संविधान तथा प्रचलित कानूनले प्रदान गरेको अधिकार क्षेत्र एवं आयोजना वर्गीकरणको आधार तथा

मापदण्ड, २०८०ले तोके बमोजिम यस नगरपालिकाले समेत लागत साझेदारी गर्ने प्रतिबद्धता सहितको सम्बन्धित निकाय प्रस्ताव पेश गर्ने।

**निर्णय नम्बर ९:**

नगरपालिका भित्रका सम्पूर्ण वडामा कार्यरत कर्मचारी, विभिन्न शाखामा कार्यरत कर्मचारी, विभिन्न स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मी तथा सम्बन्धित कर्मचारी, शैक्षिक संस्थामा कार्यरत सम्बन्धित कर्मचारी, नगर प्रहरी, कार्यालय सहयोगी लगायत नगरपालिका र मातहतको कार्यालयमा दैनिक प्रशासनिक कार्य संचालनका लागि विभिन्न मितिमा करार सम्झौता तथा ज्यालादारीमा नियुक्त भई कार्यरत कर्मचारीहरुको नगरपालिकाले आवश्यकता र औचित्यका साथै कार्य सम्पादन मूल्यांकन आधारमा नगरपालिकाको दैनिक प्रशासनिक कार्य संचालन गर्नका लागि आवश्यक पर्ने कर्मचारीहरुको म्याद थप तथा कर्मचारी व्यवस्थापन सम्बन्धी कार्य नगर प्रमुखसँग समन्वय गरी कार्यान्वयन गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने।

**निर्णय नम्बर १०:**

नमोबुद्ध नगरपलिका भित्रका विभिन्न विद्यालय कार्यरत शिक्षकहरुको व्यवस्थापन, विद्यार्थी-शिक्षकको अनुपातमा गरिएको दरबन्दी मिलान सम्बन्धमा मिति २०८१/०४/०७ गतेको यसै साथ संलग्न रहेको निर्णयलाई अनुमोदन गर्ने।

तपशिलः

मिति २०८१/०४/०७ गतेको नगरपालिकाको निर्णयः

१. माध्यामिक तह र निम्न माध्यामिक तहका शिक्षक दरबन्दि नभएर प्राथमिक तहको शिक्षक दरबन्दीबाट निम्न माध्यामिक तह र माध्यामिक तह संचालन गरिरहेका माध्यामिक र निम्न माध्यामिक विद्यालयहरु बाहेक अरु सामुदायिक विद्यालयहरुमा नमोबुद्ध नगरपालिकाको विद्यालय शिक्षक ब्यवस्थापन तथा दरबन्दी मिलान सम्बन्धि मापदण्ड, २०७६ अनुसार प्राथमिक तहमा न्युनतम १० बिद्यार्थी बराबर १ शिक्षक हुने गरी देहाय बमोजिम शिक्षक दरबन्दी मिलान गर्न नमोबुद्ध नगरपालिकाको शिक्षा सञ्चालन ब्यवस्थापन तथा नियमन ऐन, २०७७ को दफा २५ (ट) बमोजिम नगर कार्यपालिकामा सिफारिस गर्ने निर्णय गरियो।

| दरवन्दि कटौती हुने बिद्यालयहरु | | | | | दरवन्दि थप हुने बिद्यालयहरु | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क स | बिद्यालय | बिद्याथी संख्या | मौजुदा दरवन्दि | कटौती हुने दरवन्दि | क स | बिद्यालय | बिद्याथी संख्या | मौजुदा दरवन्दि | थप हुने दरवन्दि | |
| १ | मथुरापाटी माबि १ | ३० | ५ | २ | १ | भीमेश्वर आबि २ | ८८ | ८ | १ | निमाद ० |
| २ | कालिका प्राबि ३ | ३१ | ४ | १ | २ | राम | ३७ | ७ | १ | साद १ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | मावि ३ | | | | निमाद १ |
| ३. | महाँकाल प्राबि ३ | २७ | ४ | १ | ३ | कृष्ण आबि ३ | ४८ | ६ | १ | निमाद १ |
| ४ | जनजागृति प्राबि ५ | ९ | २ | १ | ४ | संसारीदेवी आबि ४ | ७६ | ६ | २ | निमाद ० |
| ५ | कालिगँगा प्राबि ६ | १८ | ३ | १ | ५ | जनक माबि ४ | २७६ | ७ | २ | |
| ६ | नविन प्राबि ७ | २८ | ५ | २ | ६ | जनशक्ति प्राबि ५ | १५ | १ | १ | |
| ७ | सरस्वति प्राबि ७ | ४९ | ६ | १ | ७ | रक्तकाली प्राबि ५ | २७ | २ | १ | |
| ८ | दाप्चा माबि ८ | ४१ | १० | २ | | सेतीदेवी प्रबि ६ | २० | १ | १ | |
| ९ | गणेश प्राबि गहते ९ | ११ | ३ | २ | ९ | गणेश प्राबि वरवोट | ५९ | ४ | २ | |
| १० | श्रीकृष्ण माबि ९ | २६ | ६ | २ | १० | सेतीदेवी आबि ८ | ३५ | ६ | १ | निमाद १ |
| ११ | नमोबुद्ध प्राबि ११ | २३ | ३ | १ | ११ | पञ्चकन्या प्राबि १० | ३४ | २ | १ | |
| | | | | | १२ | नमोबुद्ध प्राबि कुरगाँउ ११ | ३६ | २ | १ | |
| | | | | | १३ | गौतमबुद्ध प्राबि | ३३ | २ | १ | |
| जम्मा कटौती हुने | | | | १६ | जम्मा थपिने दरवन्दि | | | | १६ | |

२. नमोबुद्ध नगरपालिकाको विद्यालय अनुगमन प्रतिवेदन २०८१, नमोबुद्ध नगरपालिकाको एस.इ.इ. नतिजा २०८० र अन्य कक्षाको विद्यार्थीहरुको सिकाइ उपलब्धिका आधारमा शिक्षकहरुलाई भिन्न वडा र समुदायको अनुभव हाँसिल गर्ने अवसर दिलाउन नमोबुद्ध नगरपालिकाको शिक्षा ब्यवस्थापन तथा नियमन ऐन, २०७७ दफा ५९ (१) र (१०) तथा विद्यालय शिक्षक ब्यवस्थापन तथा दरबन्दी मिलान सम्बन्धि मापदण्ड २०७६ को बँदा नं ११ अनुसार शिक्षक ब्यवस्थापन देहाय बमोजिम गर्ने नगरकार्यपालिकामा सिफारिश गर्ने निर्णय गरियो।

| क.स | शिक्षकको नाम थर | साविक बिद्यालय | सरुवा/ पदस्थापन गरिएको बिद्यालय |
|---|---|---|---|
| १ | लक्ष्मी अधिकारी | श्री जनकल्याण मा.बि. | सेतीदेवी आ.बि. पिपलटार |
| २ | दिनेश प्रसाद अधिकारी | श्री दाप्चा मा.बि. | जनशक्ति प्राबि कानपुर |
| ३ | रामचन्द्र रेग्मी | श्री भीमेश्वर आ.बि. | नमोबुद्ध प्राबि कुरुगाँउ |
| ४ | रामबाबु भट्टराई | मथुरापाटी मा.बि | कानुपुर मा बि |

| क.स | शिक्षकको नाम थर | साविक बिद्यालय | सरुवा/ पदस्थापन गरिएको बिद्यालय |
|---|---|---|---|
| ५ | प्रकाश वहादुर पाल | जनहित मा.वि. | मथुरापाटी मा.बि |
| ६ | सर्मिला न्यौपाने | कानपुर माबि | जनहित मा.वि. |
| ७ | प्रेम वहादुर लामा | राम माबि | कानपुर माबि |
| ८ | नवीनजंग शाही | जनक माबि | राम माबि |
| ९ | बिष्णु वन | कानपुर माबि | जनक माबि |
| १० | ज्ञान वहादुर भुजेल | श्रीकृष्ण माबि | कानपुर माबि |
| ११ | कल्पना पौडेल | कानपुर माबि | श्रीकृष्ण माबि |
| १२ | रमेश प्रसाद न्यौपाने | कालिगंगा प्राबि | भगवति प्राबि |
| १३ | रिक्त पद | जनजागृति प्रा बि ५ | भिमेश्वर आबि |
| १४ | नैनकला राई | मथुरापाटी माबि | पञ्चकन्या प्राबि १० |
| १५ | पार्वती भट्राई | मथुरापाटी माबि | भीमेश्वर आबि |
| १६ | दिपक सापकोटा | कालिका प्राबि ३ | गणेश प्राबि बरवोट |
| १७ | विनोदराज चिमौरिया | महाँकाल प्राबि | रक्तकाली प्राबि |
| १८ | अर्जुन वहादुर खनाल | नवीन प्राबि | सेतीदेवी पिपलटार |
| १९ | हरि प्रसाद खनाल | नवीन प्राबि | सेतीदेवी प्राबि खाग्सी |
| २० | रिक्त पद | सरस्वति प्राबि | राम माबि |
| २१ | उद्धव प्रसाद गौतम | दाप्चा माबि | रक्तकाली प्राबि ५ |
| २२ | मुकुन्द प्रसाद अधिकारी | श्रीकृष्ण माबि | सेतीदेवी पिपलटार |
| २३ | तीर्थमान लामा | श्रीकृष्ण माबि | सेतीदेवी पिपलटार |
| २४ | शान्ति माया लामा | गणेश आबि गहते | गणेश प्राबि बरबोट |
| २५ | पार्वती लामा | गणेश आबि गहत | जनक माबि |
| २६ | अनन्त प्रसाद पौडेल | नमोबुद्ध प्राबि भालुखर्क | गौतमबुद्ध प्राबि |
| २७ | पञ्चसिंह लामा | सेतीदेवी आबि पिपलटार | दाप्चा माबि |
| २८ | दिल वहादुर श्रेष्ठ | सेतीदेवी आबि पिपलटार | कृष्ण आबि |
| २९ | जीत लाल तामाङ | सेतीदेवी आबि पिपलटार | कानपुर माबि |
| ३० | प्रशान्त वहादुर लामा | कानपुर माबि | जनकल्याण माबि |
| ३१ | शान्ति तामाङ | रक्तकाली प्रा बि | पञ्चकन्या प्राबि १० |
| ३२ | किशोर अधिकारी | दाप्चा माबि | जनक माबि |
| ३३ | नविन अधिकारी | भगवति प्राबि | अमर प्राबि |
| ३४ | गोकुल श्रेष्ठ | अमर प्राबि | संसारीदेवि आबि |

निर्णय नम्बर ११:

नमोबुद्ध नगरपलिका वडा नम्बर ०४ को कार्यालयबाट प्राप्त प.सं. २०८१/०८२, च.नं. ९०, मिति २०८१/०४/२९ गतेको सिफारिस साथ प्राप्त निवेदन अनुसार नमोबुद्ध नगरपालिका वडा नम्बर ०४ (साविक मेथिनकोट गा.वि.स, वडा नम्बर ०६) को कित्ता नम्बर ८५ को जग्गाबाट प्रहरी चौकी (निकटतम भविष्यमा ईलाका प्रहरी कार्यालय) को प्रशासनिक भवन निर्माणको लागि जग्गा माग भई आएकोले सक्कल निवेदन सम्बन्धित निकायमा आवश्यक कारवाहीको लागि पठाउने।

निर्णय नम्बर १२:

काभ्रेपलाञ्चोक जिल्ला, क्षेत्र नम्बर ०१ अन्तर्गतको नमोबुद्ध नगरपालिका वडा नम्बर ०२ र वडा नम्बर ०७ लाई समेट्ने नगर गौरवको योजनाको रुपमा रहेको शहरी विकास तथा भवन कार्यालय, काभ्रेपलाञ्चोकबाट कार्यान्वयन हुने गरी बजेट विनियोजन भएको योजना भकुण्डे बजार केन्द्र पूर्वाधार तथा निर्माण कार्यलाई वि.पि. राजमार्ग-भकुण्डेचोक-खानेपानी मार्ग-ग्रामीण स्कुल हुँदै २० किलो आपकोबोटबाट नगरपालिकाको प्रशासकीय भवन हुँदै पुन भकुण्डेवेशी चोक-तिमाल जाने सडक-दारिमटार भित्री सडक हुँदै वि.पि राजमार्ग (नौबिसे खण्ड) सडकलाई बहुवर्षीय योजनामा समावेश गरी सो आयोजनाको विस्तृत परियोजना प्रतिवेदन तयार गर्नका लागि सम्बन्धित निकायमा अनुरोध गर्ने।

निर्णय नम्बर १३:

काभ्रेपलाञ्चोक जिल्ला, क्षेत्र नम्बर ०१ अन्तर्गतको नमोबुद्ध नगरपालिका वडा नम्बर ०१ र वडा नम्बर ०२ लाई समेट्ने नगर गौरवको योजनाको रुपमा रहेको धुलिखेल ११-नमोबुद्ध जाने सडक देखि नमोबुद्ध न.पा. वडा नम्बर ०१ मथुरापाटि सडक हुँदै वडा नम्बर ०२ को दलसिङ्गे सम्मको सडकलाई बहुवर्षीय योजनामा समावेश गर्नका लागि सम्बन्धित निकायमा अनुरोध गर्ने।